# पुर्चौडी नगरपालिका

फो. नं.०९६६९०८०३

## नगर कार्यपालिकाको कार्यालय

प.स. २०७५।७६
च.न.

हाट बैतडी
७ नं. प्रदेश नेपाल
मिति २०७५।५।११

## आन्तरिक आय संकलन सम्बन्धी सिलबन्दी दरभाउ पत्र आह्वानको सूचना ।

यस नगरपालिका अन्तर्गत रहेका तपसिल बमोजिमका क्षेत्रहरुमा पुर्चौडीनगरपालिकाको आर्थिक ऐन २०७५ तथा नगर सभाबाट स्वीकृत निर्धारित दरमा आ.ब.२०७५/०७६ का लागि ठेक्काको माध्यमबाट कर संकलन गर्नु पर्ने भएकाले ठेक्का लिन चाहाने ईच्छुक नेपाली नागरिकहरुलाई तपसिल बमोजिमको सर्तहरुको अधिनमा रहि यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र)दिन भित्र सिलबन्दी दरभाउ पत्र खरिद गर्न हुन जानकारी गराईन्छ ।

तपसिल

१. ठेक्का लिन चाहाने नेपाली नागरिकले निवेदनका साथ नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी सहित यस कार्यालयको राबश्व शाखामा रु.१०००।०० जम्मा गरि १५ औं दिनको कार्यालय समय भित्र दरभाउ पत्र खरिद गर्न सक्ने छन ।

२. दरभाउ पत्रमा रु.१० को टिकट टाँस गरि आफुले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट लेखि आफ्नो सहिछाप गरि १६ औं दिनको १२:०० बजे भित्र कार्यालयमा दर्ता गराई सक्नु पर्ने छ । कबोल अंकको अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ ।

३.दार्ता भएका दरभाउ पत्र सोहि दिनको २:०० बजे कार्यालय र ठेकेदार प्रतिनिधिहरुको रोहबरमा खोलिने छ ।ठेकेदार प्रतिनीधि उपस्थीत नभएमा दरभाउ पत्र खोल्न कुनै बाधा पर्ने छैन।

४.म्याद नागी आएको र रित नपुगि आएको दरभाउ पत्र उपर कुनै कारबाहि हुने छैन ।

५. दरभाउ खरिद गर्नेअन्तीम दिन र पेश गर्ने अन्तीम दिन सार्वजनिक बिदा परेमा सोको भोली पल्ट कार्यालय खुलेको दिन र समयलाई अन्तीम दिन मानिने छ ।

६. सिलबन्दी दरभाउ पत्र स्वीकृत गर्ने नगर्ने तथा आंशिकरुमा स्वीकृत गर्ने सम्पुर्ण अधिकार कार्यालयमा निहित रहने छ ।

७.सिलबन्दी दरभाउ पत्र दाताले दरभाउ पत्र पेश गर्नु अगाडी नै स्थलगत निरिक्षण गरेको मानिने छ ।

८.यस सूचना सम्बन्धी अन्य कुरा बुझ्नु परेमा कार्यालय समय भित्र नगरकार्यपालिकाको कार्यालयमा सम्पर्ग गरि बुझ्न सकिने छ ।

ठेक्का सम्बन्धी बिबरण

| सि.न. | ठेक्का नं. | ठेक्काको बिबरण | न्युनतम अंक रु. | कैफियत |
|---|---|---|---|---|
| १. | १/२०७५/७६ | बालुवा गिट्टी संकलन कर( लोलीगाड, बागा गाड,कोटेलीगाड र जमाडी गाड मा रहेको बालुवा तथा गिट्टी बाफत लगायत नयरपालिकाको सम्पुर्ण क्षेत्र) | १,५०,०००।०० | |
| २. | २/२०७५/७६ | धैलकाडा स्लेट खानी | ५००००।०० | |
| ३ | ३/२०७५/७६ | भैसि रागा निर्यात | २०००० | |
| ४ | ४/२०७५/७६ | कभाड संकलन निर्यात | १००००।०० | |
| ५ | ५/२०७५/७६ | खसि बाखा निर्यात | १००००।०० | |
| ६ | ६/२०७५/७६ | सवारी साधन कर(बस,ट्रक,ट्याक्टर,जीप) | ३०००० | |

पृथ्वीराज अबस्थी
निमित्त प्रमुख प्रशासकिय अधिकृत